मुक्तिनाथको शीरमा तीन धार्मिक सम्पदा फेला

सुन्दरकुमार थकाली | *जोमसोम*

प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथ मन्दिर माथिको शीर मुक्तिक्षेत्र पर्वतीय स्थानमा विष्णु भगवान्‌का तीनवटा धार्मिक सम्पदा फेला परेका छन्। समुद्री सतहको ४ हजार एक सय मिटरको उचाइदेखि करिब ४ हजार ७ सय मिटरको अग्लो पर्वतीय मुक्तिनाथ क्षेत्रको विशाल पर्वतमा भगवान् विष्णुसँग सम्बन्धित तीनवटा धार्मिक सम्पदा पत्ता लागेका हुन्।

मुक्तिनाथ मन्दिरदेखि माथि अग्लो पर्वतीय स्थानमा विष्णु भगवान्‌सँग जोडिएका तीनवटा धार्मिक सम्पदा पत्ता लागेको मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिए। उनले मुक्तिनाथ मन्दिर माथिको पर्वतीय स्थानमा विष्णु चुल्हो, नागराज पर्वत र गरुड पर्वत आकृति देख्न सकेने बताए।

मुस्ताङका प्रजिअ भुसालसहित प्रशासन कार्यालयका खरदार प्रकाश पौडेल, पूर्वाधार विकास कार्यालय मुस्ताङका इन्जिनियर जगदीशचन्द्र जोशी र मुक्तिनाथ विकास समितिका कर्मचारी रविन सुवेदीलगायत ११ जनाको टोली शनिबार सो स्थानमा पुगेको थियो।

मुक्तिनाथ क्षेत्रको थप धार्मिक पर्यटन विकास गर्ने उद्देश्य लिएर प्रजिअ भुसालसहितको टोली त्यहाँ पुगेको थियो। टोलीले वैकल्पिक धार्मिक सम्पदालाई पर्यटनसँग जोड्ने लक्ष्यका साथ त्यहाँको प्रारम्भिक सम्भाव्यता अध्ययन गरेको मुस्ताङका प्रमुख जिल्ला अधिकारी भुसालले बताए। भगवान् विष्णुको बासस्थान रहेको मुस्ताङको वारागुङ मुक्तिक्षेत्र–१ मुक्तिनाथ मन्दिर रहेको स्थानदेखि दक्षिण केही माथि 'विष्णु चुल्हो' अवस्थित रहेको प्रजिअ भुसालले जानकारी दिए। समुद्री सतहको झन्डै ४ हजार एक सय मिटरको मुक्तिक्षेत्र पर्वतमा 'विष्णु चुल्हो' फेला परेको प्रजिअ भुसालको भनाइ छ। थोरङ्घास क्षेत्रपर्यटको पर्वतमालामा अवस्थित विष्णु चुल्हो धार्मिक महत्त्वको पर्वटकीय गन्तव्यको रूपमा विकास गर्न सकिने सम्भावना रहेको प्रजिअ भुसालले सुनाए।

गरुड पर्वत

नागराज पर्वत

विष्णु चुल्हो

पौराणिक कालमा मुक्तिनाथ मन्दिर माथिको अग्लो पर्वतीय स्थानमा विष्णु चुल्होमा आगो फुकेको आकृतिको ठूलो ढुंगा अवस्थित छ। यसका अलावा त्यस स्थानमा अरू दर्जनौं ससाना पत्थररूपी विष्णु चुल्हो आकृतिका प्रसस्ते ढुंगाहरू देख्न सकेने प्रजिअ भुसालले जनाए। विष्णु चुल्हो भएको स्थानमा पकाउने भाँडाकुडा, पकाउने ठाउँलगायतको ढुंगाको आकृतिहरू देख्न सकिन्छ। त्यहाँ अवस्थित विष्णु चुल्होलाई मन्दिर निर्माण गरी त्यहीँभित्र राखिएको छ। त्यहाँ अवस्थित विष्णु चुल्हो मन्दिरमा एक जना साधु बस्ने गरेको प्रजिअ भुसालले बताए। उनका अनुसार त्यहाँ बस्ने साधु बाबले निरन्तर विष्णु चुल्होमा पूजाअर्चना गर्ने गरेको प्रजिअ भुसालले उल्लेख गरे।

पौराणिक कालमा मुक्तिनाथ क्षेत्रको पर्वतीय स्थानमा अवस्थित विष्णु चुल्हो रहेको ठाउँमा भगवान विष्णूले तपस्या गर्ने गर्थे भन्ने भनाइ छ। विष्णु भगवान् तपस्या गर्दा ब्रम्हाजीले छिर पकाएर विष्णु भगवान् र अरू देवताहरूलाई खुवाएको धार्मिक जनविश्वास छ।

ब्रम्हाजीले विष्णुलाई छिर खुवाएर भोजन गराएको स्थान विष्णु चुल्होभन्दा तल मुक्तिनाथ परिसरको ज्वालामाई भएको स्थानमा रहेको बताइन्छ। ब्रम्हाजीले विष्णु भगवान र अरू देवताले छिर भोजन गराउँदा खीर भुइँमा पोखिन पुगेकाले ज्वालामाई रहेको स्थानको माटो सूप्दा त्यसको वासना खीर जस्तै आउने गरेको जनाइएको छ। मुक्तिनाथ मन्दिरदेखि आधा घण्टाको पैदलयात्रामा विष्णु चुल्हो भएको स्थानमा पुग्न सकिन्छ।

यसैगरी मुक्तिनाथ माथिको अग्लो पर्वतीय स्थानमा अवस्थित विष्णु चुल्होबाट केही माथि नागराज पर्वत छ। पर्वतलाई गौण रूपमा नियालेर अवलोकन गर्दा भगवान् विष्णुको शीरमाथि अष्ठनागले ढाकेको जस्तै पर्वत आकृति देख्न सकिन्छ। ठीक मुक्तिनाथ मन्दिर रहेको स्थानदेखि सीधामाथि समुद्री सतहको करिब ४ हजार ५ सय मिटरको उचाइमा यस प्रकारको आकृति अवलोकन गर्न सकिने पूर्वाधार विकास कार्यालय मुस्ताङका इन्जिनियर जगदीशचन्द्र जोशीले जानकारी दिए।

भगवान् विष्णुलाई पापको सागरबाट दुनियालाई मुक्त गर्न सक्ने प्रतिकको रूपमा लिन सकिन्छ। शेषनाग पनि भगवान विष्णुको प्रतिक अवतारसँग जोडिएको छ। यही कारण मुक्तिनाथ पर्वतमालामा भगवान विष्णुको शीरलाई नागले छाता ओह्राएको जस्तै आकृति त्यहाँ हेर्दा देखिने इन्जिनियर जोशीले उल्लेख गरे। विशाल सर्पको एउटै शेषनागमा विष्णु भगवान्‌ले बिराजमान गरेको जस्तो पर्वत पर्यटकका लागि आकर्षणको केन्द्र बन्न सक्ने उनले जनाए। मुक्तिनाथ क्षेत्रको अग्लो पर्वतमा धार्मिक पर्यटकीय गन्तव्यको खोजी गर्ने क्रममा नागराज पर्वतमा विष्णुको पोस्टर र घण्टी लगेर भ्रुन्ड्याइएको छ। त्यहाँको घण्टी हावा चल्दा आफैं बज्न थाल्छ।

मुक्तिनाथ मन्दिर माथिकै अग्लो पर्वतमा भगवान् विष्णुको वाहन गरुड आकृतिको पहाड देख्न सकिन्छ। जहाँबाट मेसोकोन्दो पहाडका साथै मुस्ताङको कागवेनीलगायतका डाँडाकाँडा निके आकर्षक देखिन्छन्। मुक्तिनाथ मन्दिर धार्मिक पर्यटनका हिसाबले प्रसिद्ध रहे पनि त्यस क्षेत्रको थप धार्मिक पर्यटन विकास गर्न मुक्तिनाथ विकास समितिले समेत पहल गर्ने प्रजिअ विष्णुप्रसाद भुसालले जानकारी दिए। भगवान् विष्णुसँग सम्बन्धित तीन धार्मिक सम्पदालाई जोड्ने गरी करिब ४ किलोमिटर दूरीमा पदमार्ग निर्माण गर्नुपर्ने प्रजिअ भुसालको भनाइ छ।

फेवामा बर्सेनि थपिन्छन् ४ लाख बढी माछाका भुरा

कृष्णमणि बराल | *पोखरा*

फेवाताल मानवीय व्यवहार र प्राकृतिक कारणले बर्सेनि सीधुरिँदै गएको छ। मुहान क्षेत्रको घोल, सिमसार पुरिँदा माछाको प्रजनन क्षेत्र नासिएको र तालमा प्राकृतिक रूपमा भुरा उत्पादन घटेको स्थानीय जलारी समुदाय बताउँछन्।

धार्मिक आस्थाको कारण तालमा माछाको भुरा छाड्दा माछा उत्पादनमा सहयोग पुगेको स्थानीय जलारी समुदायले बताए। परेवा, माछालगायतलाई स्वतन्त्र रूपमा प्रकृतिमा छाड्दा पिँजी उद्धार हुने, यो जन्म र भविष्यमा पनि राम्रो होस् भन्ने कामना गर्दै प्राण दान गर्ने गरेको बौद्ध धर्मगुरु मणि गुरुङले बताए। आफ्नो अनुकूल भए अनुसार माछा, परेवा, भोटतिर भेडा, चौरी गाईलाई स्वतन्त्र छाड्ने चलन रहेको पनि उनले सुनाए। माछासँगै धर्मावलम्बीले माछालाई दाना पनि तालमा फ्याँकेका थिए।

यसरी तालमा माछा छाड्दा माछा मात्र होइन तालमा रहेका अरू जीवलाई पनि फाइदा हुने भएकोले पनि तालमा माछा छाडिएको माछा छाड्न ताल किनारमा आएका तेजमान गुरुङले बताए। सबै प्राणीलाई राम्रो होस् भन्ने उद्देश्यले बौद्ध पूर्णिमाका अवसरमा हरेक वर्ष तालमा माछा छाड्दै आएको उनले सुनाए।

तालमा प्राकृतिक रूपमा माछाको भुरा उत्पादन क्रम भइरहेको अवस्थामा पछिल्लो समयमा धार्मिक अवस्थाका कारण माछाको भुरा छाड्ने क्रम बढ्दा माछाको उत्पादनमा सहयोग पुगेको स्थानीय जलारी समुदायले बताए। फेवातालमा वार्षिक धार्मिक आस्थाको कारण मात्रै ४ लाख बढी माछाको भुरा छाडिँदै आएको हर्पन फेवा मत्स्य सहकारीका पूर्वध्यक्ष रामचन्द्र जलारी बताउँछन्।

बुद्धपूर्णिमालगायत विभिन्न अवसरमा बौद्धमार्गीले फेवातालमा माछाका भुरा छाड्ने गरेको पनि उनले सुनाए। बुद्धपूर्णिमा मनाउने क्रममा बुद्ध मार्गीहरूले एक महिना अघिदेखि फेवातालको खपीदो क्षेत्रमा माछाको भुरा छाड्ने गरेको पनि उनले बताए।

फेवातालमा २३ प्रजातिका माछा पाइन्छन्। सहर, कल्ले, फगेटा, कोडेलगायतका स्थानीय जातका माछाको प्रजनन घटेको हर्पन फेवा मत्स्य सहकारीका अध्यक्ष ज्ञानबहादुर जलारीले बताए। जलारी समुदायले पनि वार्षिक सहरलगायत विभिन्न प्रजातिका डेढदेखि दुई लाख माछाको भुरा छाड्ने गरेको पनि उनले बताए।

यसरी बाहिर उत्पादन भएका माछाका भुरा तालमा छाडिए पनि वर्षायामामा तालमा पानीको सतह बढ्दा एक्कासि बाँध खोल्ने गरिन्छ। यसरी बाँध खोल्दा बाँध क्षेत्रमा माछा छेकने जाली नहुँदा बाँधबाट बर्सेनि तालमा भएका दुईतिहाइ माछा बगेर तालबाट बाहिरिने समस्या रहेको पनि ज्ञानबहादुर बताउँछन्।

फेवा बाँध नजिकैको क्षेत्रमा माछा छेकने जाली राख्न सके तालबाट वर्षा यामामा ठूलो संख्यामा बाहिरिने माछा जोगाउन सकिने पनि उनले बताए। यसका लागि तीन तहके सरकारले सहयोग नगरेको उनले सुनाए। फेवाताल किनारमा करिब १ सय घरधुरी जलारी परिवार छन्।

जानकी जन्मोत्सवमा उल्लासमय मिथिला

मनिका झा | *जनकपुरधाम*

प्रकट भेलि सिया सुखदैया,
जनकपुरमें बाजे बधैया।

जनकपुरको जानकी मन्दिरमा मंगलबार सीता प्रकाट्य दिवस (जानकी नवमी) का अवसरमा गुञ्जएको यो बधैया गान र मंगलगानले मिथिलालाई उल्लासमय बनाएको हो। माता सीताको प्रकाट्य दिवस जनकपुरसहित सम्पूर्ण मिथिलाञ्चलमा हर्षोल्लास र भव्यताका साथ मनाइएको छ।

यस अवसरमा जानकी मन्दिरमा पछिल्लो १५ दिनदेखि मंगलगान तथा बधैया गितहरू प्रत्येक दिन गाईने गरिन्थ्यो भने मन्दिरलाई भव्य रूपमा सजाएर उत्सवको तयारी गरिएको थियो।

धैर्य, सहनशीलता, उदारताकि प्रतिमूर्ति, सच्चरित्रता, सतित्व, नरित्व, मातृत्वासल्य करुणामयि र हिन्दु धर्मावलम्बीहरूको पुजनीय माता सीताको जन्मोत्सवमा सहभागि हुन देश विदेशबाट पहुनाहरू जनकपुर आइपुगेका थिए। जानकी मन्दिरद्वारा वैशाख १५ गतेदेखि सुरु भएको जानकी जन्मोत्सव कार्यक्रम मंगलबारसम्म मनाइएको हो। जसअन्तर्गत रामकथा, जानकी जन्म बधाई मंगल गान र संस्कृतिक कार्यक्रम, अखण्ड रामायण, दुधमती नदीमा शाही स्नान, जन्म आरती, जानकी मन्दिरको डोला शोभा यात्रा र विशेष आरती तथा दिपोत्सवको कार्यक्रम गरिएको हो।

जानकी जन्मोत्सवका अवसरमा जानकी मन्दिरमा बधैया गाउँदै मिथिलानी। ● मनिका झा

जानकी नवमीका अवसरमा मधेस प्रदेश सरकारले प्रदेशमा सार्वजनिक बिदा दिए पनि संघ सरकारले हालसम्म राष्ट्रिय बिदा दिने गरेको छैन। 'विश्वमा छोरीको नाममले चिनिने भूमि जनकपुर नै हो। यहीं माता सीताको जन्म भएकै कारण यो स्थल विश्वप्रसिद्ध हुन पुगेको हो। त्यसैले जानकी जन्मोत्सवमा मिथिलाञ्चल वासीले धुमधामका साथ मनाउने गर्छन्,' जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णव भन्छन्, 'जनकपुरको भूमिले छोरीलाई शक्ति स्वरूपमा मानेको छ। छोरीकै कारण राजा जनकको वंश विस्तार भयो। जनक जस्ता गृहि महान राजाहरू भए पनि सीता जस्तो छोरी पाउनु मिथिलावासीका लागि सौभाग्यको कुरा हो। त्यसैले आज पनि जानकीको नगरिमा उनको जन्मोत्सव भव्यताका साथ मनाइन्छ।'

'जानकी मिथिलाको माटोको उपजर उपलब्धि भएको हुनाले उनीप्रति सम्पूर्ण मिथिलावासी नतमस्तक हुन्छन्। उनी महिलोचित गुणबाट परिपूर्ण छिन्। आज पनि मिथिलाञ्चलमा महिलारू उनको पदचिन्हको अनुसरण गरेर आफूलाई धन्य ठान्दछन्,' वरिष्ठ पत्रकार हिमांशु चौधरी भन्छन्, 'मिथिलाको माटोमा जानकीले जन्म लिनु स्वर्गीय वरदानभन्दा कम छैन। त्यसैले मैथिल संस्कृतिमा उनको जीवन चरित्र बन्दनीय, स्मरणीय र पूजनीय छ।'

किंवदन्तीका अनुसार अनिकालबाट मुक्तिका लागि राजर्षि जनकले हलेस्टि यज्ञ गर्दा जानकीको जन्म भएको थियो। राष्ट्रकवी माधवप्रसाद घिमिरेले जानकी जन्मलाई वर्णन गर्दै लेखेका छन्, 'जन्मिन यहाँ जानकी मञ्जरीजस्तै धानकी माण्डवी, कीर्ति, उर्मिला, बहिनी बाल चञ्चला..... लावण्यमयी जानकी गहूँ र गोरीजानकी, अर्पित भइन् राममा यहाँ हो मेरो मिथिला धरती शर्वशरयामला।'

जानकी नवमीका अवसरमा मिथिलाञ्चलमा विवाहित महिलाहरूले व्रत बस्ने चलन पनि छ। मान्यता छ भूमिबाट उत्पन्न भएकै कारण उनी अन्नपूर्ण स्वरूपमा हुन् र उनको जन्मोत्सवमा व्रत बस्ता घरमा सुख, समृद्धि, अन्न र वैभव इत्यादीको प्राप्ति हुन्छ।

जानकी नवमीकै अवसरमा सोमबार भारतको विश्वप्रसिद्ध धर्म गुरु तुलसीपीठाधिस र जगद्गुरु रामानन्दाचार्य स्वामी रामभद्राचार्य महाराजले पनि जानकी मन्दिरको दर्शन गरेका थिए। त्यसैगरी देश विदेशबाट यस अवसरमा जनकपुर आएका सधुसन्त तथा विशिष्ट पाहुनाहरूको आगमनले जनकपुर भरिभराउ रहेको छ।

Nepal Water Supply Corporation
Branch Office Rajbiraj,
Rajbiraj, Saptari
Madesh Pradesh, Nepal

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

Date of publication : 2081/01/24

यस कार्यालयबाट मिति २०८१/१२/१७ मा प्रकाशित बोलपत्र आह्वानको सूचना मार्फत E–Bid मार्फत दर्ता हुन् आएका बिधुतीय बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिलमा उल्लेखित बोलपत्र प्राविधिक तथा आर्थिक तवरले सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा२ र दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

S.N.	Contract ID No	Name of Procurement	स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता	रकम रु. (मु.अ.क. सहित)
1	NWSC/W/NCB/ Rjb/0 1/081-082	Well Sanchalan Karya at Rajbiraj Municipality	Deepak Nirman Sewa, Rajbiraj-9, Saptari	20,59,699.18
2	NWSC/W/NCB/ Rjb/0 2/081-082	Nagar Kshetra Khanepani Sudhar Bistar Karya at Rajbiraj Municipality	Deepak Nirman Sewa, Rajbiraj-9, Saptari	21,68,116.8
3	NWSC/W/NCB/ Rjb/0 3/081-082	Pipe line kharid tatha bistar karya at Rajbiraj Municipality	Deepak Nirman Sewa, Rajbiraj-9, Saptari	12,91,652.64

Office Chief

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल वैशाख महिना २४ गते बुधवार)

यस विकास बैंकको शाखा कार्यालय नागढुङ्गाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको सांवा ब्याज र अन्य बै-खस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तत्तातकोता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सांवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले समुर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगर्दा आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रकियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र तोकिए नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

१) कर्जा शिर्षक : व्यावसायिक अावधिक कर्जा

ऋणीको विवरण

नाम : **डहरे देउराली एग्रो फार्म प्रा.लि.** अंशियार प्राप्त व्यक्ति : कमलकान्त रेग्मी
दर्ता नं. : २५९०९२/०७७/०७८
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय विपुरेश्वर, काठमाडौं — दर्ता मिति : २०७७/१२/०४
रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २६ — स्थायी लेखा नं. : ६०९९६८२००

व्यक्तिगत धनजमाजीकर्ताहरुको विवरण

१) महादत्त रेग्मीको नाति वेद प्रकाश रेग्मीको छोरा स्याङ्जा जिल्ला चिलाउनेघास ना.वि.स. वडा नं. ८ हाल, पो खरा म.न.पा. वडा नं. २६ बस्ने **कमल कान्त रेग्मी** (ना.प्र.नं. : ६९९०५ जारी मिति र जिल्ला : २०५९/११/०४, स्याङ्जा)

२) वेद प्रकाश रेग्मीको बुहारी कमलकान्त रेग्मीको पत्नी स्याङ्जा जिल्ला आधिखोला गा.पा. वडा नं. २ हाल, पो खरा म.न.पा. वडा नं. २६ बस्ने **उमादेवी आले मगर रेग्मी** (ना.प्र.नं. : ५१०४२३ -कास्की जारी मिति र जिल्ला : २०६१/०५/२७, स्याङ्जा)

३) धनलाल घोरासाइनको नाति रविचन्द्र घोरासाइनको छोरा काभ्रेपलान्चोक जिल्ला फुलपारी गा.वि.स. वडा नं. ३ हाल, पोखरा म.न.पा. वडा नं. १० **नकुल प्रसाद घोरासाइने** (ना.प्र.नं. : १२७००० जारी मिति र जिल्ला : २०६१/०१/१३, काभ्रेपलान्चोक)

२) कर्जा शिर्षक : महिला उद्यमशील कर्जा

ऋणीको विवरण

नाम : **कुश फर्निचर सोरुम** प्रोपाइटरको नाम : उमादेवी आले मगर — प्रा.फ.र.नं. : २६९८६/०७९/०८०
दर्ता गर्ने कार्यालय : पर्यटन तथा उद्योग कार्यालय कास्की, गण्डकी प्रदेश — दर्ता मिति : २०७९/०९/०८
रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १४ — स्थायी लेखा नं. : ५१९१५०३६३

व्यक्तिगत धनजमाजीकर्ताहरुको विवरण

१) महादत्त रेग्मीको नाति वेद प्रकाश रेग्मीको छोरा स्याङ्जा जिल्ला चिलाउनेघास ना.वि.स. वडा नं. ८ हाल, पो खरा म.न.पा. वडा नं. २६ बस्ने **कमल कान्त रेग्मी** (ना.प्र.नं. : ६९९०५ जारी मिति र जिल्ला : २०५९/११/०४, स्याङ्जा)

२) वेद प्रकाश रेग्मीको बुहारी कमलकान्त रेग्मीको पत्नी स्याङ्जा जिल्ला आधिखोला गा.पा. वडा नं. २ हाल, पो खरा म.न.पा. वडा नं. २६ बस्ने **उमादेवी आले मगर रेग्मी** (ना.प्र.नं. : ५१०४२३ -कास्की जारी मिति र जिल्ला : २०६१/०५/२७, स्याङ्जा)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :
१) मिति २०८१/०८/११ को नागरिक दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/१०/०७ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चाँचेकी समुर्ण विगतलगापात समेत ।

धनीको नाम	ठेगाना	सिट नं.	क्षेत्रफल (रोपनी)		
			किता नं.	क्षेत्रफल (रोपनी)	
डहरे देउराली एग्रो फार्म प्रा.लि.	कास्की जिल्ला कन्चनीडाँडा वडा नं. ९	०९४०९२३	३२०६	०-८-१-३	
			३२०८	१-१-०-०	
			३२०४	०-२-०-०	
			९३४	०-५-३-१	

शर्त बन्देजहरु :
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०२/०७ गते बुधवार भित्र यस बैंकको शाखा कार्यालय नागढुङ्गा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/०८ गते बिहीवार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय नागढुङ्गामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त सीमित सार्वजनिक बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्छ

नेपाल न्यूज नेटवर्क इन्टरनेसनल प्रतिष्ठाद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. ९३५/०५८/०५९, म.क्षे.इ.द.नं. ०६९/०७०, अध्यक्ष : ब्याप्टेन रामेश्वर थापा, प्रधान सम्पादक : अखण्ड भण्डारी